बैठक सं. २ मिति २०८२/०३/१०

आज मिति २०८२।०३।१० गते मंगलवारका दिन दिउँसो १:०० बजे गजुरी गाउँपालिकाका अध्यक्ष श्री गणेशलाल श्रेष्ठज्यूको अध्यक्षतामा देहायका गाउँसभा सदस्यहरूको उपस्थितिमा गजुरी गाउँपालिका गाउँसभाको १६ औं अधिवेशनमा तपसिलका प्रस्ताव तथा निर्णयहरू गरियो ।

| | | | |
|---|---|---|---|
| १ | श्री गणेश लाल श्रेष्ठ | गाउँपालिका अध्यक्ष | |
| २ | श्री शर्मिला बिसुराल | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री होम बहादुर राउत | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री तारानाथ भण्डारी | वडा अध्यक्ष | |
| ५ | श्री द्रोण कडेल | वडा अध्यक्ष | |
| ६ | श्री ऋषिलाल श्रेष्ठ | वडा अध्यक्ष | |
| ७ | श्री सुरेन्द्र प्रजा | वडा अध्यक्ष | |
| ८ | श्री गोविन्द लामिछाने | वडा अध्यक्ष | |
| ९ | श्री भक्त बहादुर तामाङ | वडा अध्यक्ष | |
| १० | श्री बद्री प्रसाद जम्मकटेल | वडा अध्यक्ष | |
| ११ | श्री देवराज ओझा | वडा अध्यक्ष | |
| १२ | श्री आयुस प्रजा | कार्यपालिका सदस्य | |
| १३ | श्री सनक बहादुर प्रजा | कार्यपालिका सदस्य | |
| १४ | श्री तारा लामा | कार्यपालिका सदस्य | तारा |
| १५ | श्री फूलमायाँ तामाङ | कार्यपालिका सदस्य | |
| १६ | श्री मैया डल्लाकोटी | कार्यपालिका सदस्य | |
| १७ | श्री गंगा श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १८ | श्री कुल बहादुर सुनार | गाउँसभा सदस्य | |
| १९ | श्री सुधिर खरेल | गाउँसभा सदस्य | |

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| २० | श्री लक्ष्मी नेपाली | गाउँसभा सदस्य | |
| २१ | श्री धननाथ सिलवाल | गाउँसभा सदस्य | |
| २२ | श्री रेशम थापा मगर | गाउँसभा सदस्य | |
| २३ | श्री सानु मिजार | गाउँसभा सदस्य | सानु |
| २४ | श्री मंगल बहादुर तामाङ | गाउँसभा सदस्य | |
| २५ | श्री श्याम बहादुर चेपाङ | गाउँसभा सदस्य | |
| २६ | श्री राममायाँ वि.क. | गाउँसभा सदस्य | |
| २७ | श्री जयराम प्रजा | गाउँसभा सदस्य | |
| २८ | श्री चक्र बहादुर थिङ तमाङ | गाउँसभा सदस्य | |
| २९ | श्री सुकुमायाँ सुनार | गाउँसभा सदस्य | |
| ३० | श्री राम शरण लामिछाने | गाउँसभा सदस्य | |
| ३१ | श्री गोविन्द चेपाङ | गाउँसभा सदस्य | |
| ३२ | श्री चमेली राई | गाउँसभा सदस्य | चमेली |
| ३३ | श्री संगिता वि.क | गाउँसभा सदस्य | संगिता |
| ३४ | श्री कवि प्रसाद दुलाल | गाउँसभा सदस्य | |
| ३५ | श्री कृष्ण बहादुर चेपाङ | गाउँसभा सदस्य | |
| ३६ | श्री संगिता चेपाङ | गाउँसभा सदस्य | |
| ३७ | श्री राममायाँ परियार | गाउँसभा सदस्य | |
| ३८ | श्री कपिल श्रेष्ठ | गाउँसभा सदस्य | |
| ३९ | श्री विकास लामा तामाङ | गाउँसभा सदस्य | |
| ४० | श्री शर्मिला पराजुली | गाउँसभा सदस्य | शर्मिला |
| ४१ | श्री अन्जु विसुन्के | गाउँसभा सदस्य | |

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| ४२ | श्री नवराज बस्नेत | गाउँसभा सदस्य | |
| ४३ | श्री मिलन थिङ तामाङ | गाउँसभा सदस्य | |
| ४४ | श्री मिना लो | गाउँसभा सदस्य | |

## निर्णयहरु :

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा गजुरी गाउँसभाका उपाध्यक्ष एवं राजस्व परामर्श समितिका संयोजक श्री शर्मिला विसुरालज्यूले आर्थिक वर्ष २०८२।०८३ को लागि पेश गर्नु भएको आर्थिक विधेयक २०८२ माथी बृहत छलफल गरि सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

आर्थिक विधेयक २०८२ को पाना संख्या २७ यसै साथ संलग्न छ ।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा गाउँपालिकाको उपाध्यक्ष श्री शर्मिला विसुरालज्यूले आर्थिक वर्ष २०८२/८३ को लागि पेश गर्नु भएको राजस्व र व्ययको अनुमान (बजेट वक्तव्य) र वार्षिक बजेट तथा कार्यक्रम माथी बृहत छलफल गरि सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

गजुरी गाउँपालिकाको २०८२/८३ को राजस्व र व्ययको अनुमान (बजेट वक्तव्य) पाना संख्या ५ र वार्षिक बजेट तथा कार्यक्रमको पाना संख्या ४३ यसै साथ संलग्न छ ।

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा गाउँपालिकाको उपाध्यक्ष श्री शर्मिला विसुरालज्यूले आर्थिक वर्ष २०८२/८३ को लागि पेश गर्नुभएको विनियोजन विधेयक २०८२ माथी बृहत छलफल गरि सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

गजुरी गाउँपालिकाको २०८२/८३ को विनियोजन विधेयक २०८२ को पाना संख्या २ यसै साथ संलग्न छ ।

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा गजुरी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/८३ देखि २०८६/८७ सम्मको विकासको खाका कोरिएको **शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार समृद्ध गजुरीको मूल आधार** को दिर्घकालिन सोच तथा गजुरी गाउँपालिकालाई सामाजिक, आर्थिक र भौतिक दृष्टिले समावेशी, गुणस्तरीय सेवा युक्त र आत्मनिर्भर समुदायमा रुपान्तरण गर्ने लक्ष्य साथै कृषिमा आत्मनिर्भरता र आधुनिक प्रविधिको प्रायोगलाई प्रवर्द्धन गर्ने, शिक्षामा समान पहुँच र गुणस्तर सुधार गरी मानव पुँजी विकास गर्ने, स्वास्थ्य सेवा सर्वसुलभ बनाई स्वस्थ समुदाय निर्माण गर्ने, पूर्वाधार बिस्तार गरी दिगो, सुरक्षित र पहुँचयुक्त विकास सुनिश्चित गर्ने उद्देश्य सहितको पञ्चवर्षीय आवधिक विकास योजना माथी बृहत छलफल गरि सर्वसम्मतीबाट स्वीकृत गरियो ।

गणेशलाल श्रेष्ठ
अध्यक्ष

सभा अध्यक्ष

५. प्रस्ताव नं ५ उपर छलफल गर्दा गत आ.व. २०८०।०८१ को अन्तिम लेखा परीक्षणमाथी बृहत छलफल गरि आगामी दिनहरुमा लेखा परीक्षणबाट देखिएका विषयहरुमा विशेष ध्यान दिई खर्च तथा कार्यसम्पादन गर्ने तथा देहायका दफाहरुको वेरुजु समपरिक्षणका लागि पेश गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं ६ उपर छलफल गर्दा गजुरी गाउँ कार्यपालिकाबाट चालु आर्थिक वर्ष २०८१।८२ मा गाउँ कार्यपालिका र गाउँपालिकाबाट भएका सम्पूर्ण निर्णयहरुलाई अनुमोदन गर्ने सर्वसहमतीले निर्णय गरियो ।

७. प्रस्ताव नं ७ उपर छलफल गर्दा चालु आर्थिक वर्ष २०८१।८२ मा गजुरी गाउँपालिकाको वार्षिक योजना तथा कार्यक्रममा समावेश विपद् व्यवस्थापन, विविध खर्च, ईन्धन शिर्षक, सवारी मर्मत तथा संभार शिर्षकबाट भएका सम्पुर्ण खर्चहरुलाई समर्थन गर्दै अनुमोदन गर्ने सर्वसहमतीले निर्णय गरियो ।

८. प्रस्ताव नं ८ उपर छलफल गर्दा चालु आर्थिक वर्ष २०८१।८२ मा गजुरी गाउँपालिकाले गाउँपालिका अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतको तोकादेशमा विभिन्न व्यक्ति, संघ संस्था तथा अन्यलाई उपलब्ध गराइएको देहायको जिन्सी सहायत,नगद सहायता सहित सबै प्रकारका आर्थिक सहायताहरुमा भएको खर्चको समर्थन गर्दै सर्वसहमतीले अनुमोदन गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं ९ उपर छलफल गर्दा चालु आर्थिक वर्ष २०८१।८२ मा गजुरी गाउँपालिकाको अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतस्तरीय तोकादेश तथा निर्णयबाट भएका सम्मपूर्ण खर्चहरुको समर्थन गर्दै अनुमोदन गर्ने सर्वसहमतीले निर्णय गरियो ।

१०. प्रस्ताव नं १० मा भएको छलफलबाट यस गाँउपालिकाको चालु आ.व.को लागि प्रस्तावित कार्यक्रमहरुमध्ये वजेट अभावका कारणले संशोधन भएका शिर्षक तथा शिर्षक फरक पारी गरिएको भुक्तानीहरुको समर्थन गर्दै सर्वसहमतीले अनुमोदन गर्ने निर्णय गरियो ।

११. प्रस्ताव नं ११ उपर छलफल गर्दा आ.व. २०८१/८२ मा विविध माग र आवश्यकतालाई सम्बोधन गर्नका लागि बजेट व्यवस्थापन गरिएकोमा गाउँपालिकासँग अध्यक्ष तथा गाउँपालिकासँग उपाध्यक्ष कार्यक्रम शिर्षक तथा अन्य कोषबाट भएका खर्चहरु प्रचलित नियम तथा कार्यविधि अनुसार खर्च भएको पाइएकाले उक्त खर्चहरु अनुमोदन गर्ने सर्वसहमतीले निर्णय गरियो ।

गणेशलाल श्रेष्ठ
सभा अध्यक्ष

१२. प्रस्ताव नं १२ उपर छलफल गर्दा गजुरी गाउँपालिकाको O&M survey को काम भइरहेको र सम्बन्धित निकायबाट O&M survey स्वीकृत भए पश्चात सोही बमोजिम कर्मचारी व्यवस्थापन हुने गरी आ.व. २०८१/०८२ मा गाँउपालिकाको दरबन्दी भन्दा बाहिरका देहायका पदमा कार्यरत कर्मचारीहरुका लागि भएको तलब खर्च अनुमोदन गर्ने तथा आ.व. २०८२/०८३ मा स्थायी दरबन्दीमा समेत पदपुर्ती हुन प्रक्रियाको लागि केही समय लाग्ने भएकाले गाँउपालिका र अन्तर्गतका कार्यालयमा कार्यबोझका आधारमा कार्यसम्पादन गर्नका लागि यस आर्थिक वर्षको लागि देहायका पदमा करार सेवा नविकरण गर्न कार्यापालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

देहाय :

| क्र.सं. | पदनाम | पदसंख्या | कैफियत |
|---|---|---|---|
| १ | अभिलेख प्रशासक, पाँचौ | १ | गाँउपालिकाको सम्पुर्ण अभिलेख व्यवस्थापन गर्ने गरी । |
| २ | न्यायीक सहजकर्ता, पाँचौ (गाउँपालिका तर्फ) | १ | न्यायिक समितिमा मुद्दाको संख्यामा बृद्धि भएको तथा न्यायिक कार्यसम्पमादनमा थप जनशक्ति आवश्यक पर्ने भएकाले । |
| ३ | कम्प्यूटर अपरेटर, पाँचौ | १ | स्थायी दरबन्दीमान पदपुर्ति नभएकोले |
| ४ | सहायक कम्प्यूटर अपरेटर, चौथो | ११ | वडा कार्यालयमा आई टि सम्बन्धि कर्मचारी नभएको विभिन्न सफ्टवेयर सहितका सिस्टमहरुको कार्यसम्पादन गर्नुपर्ने भएकाले । |
| ५ | सामाजिक परिचालक, चौथो | साविक जि.वि.स. बाट ३ र गाउँपालिका तर्फबाट ७ | समाजका तल्लो तहमा रहेका नागरिकको परिचालन गरी विविध जनसहभागितामूलक क्रियाकलापहरु सम्पादन गर्न तथा जनताका आवाजहरुलाई सरोकारवाला निकायसम्म पुर्याउने गरी कार्यसम्पादन गर्ने प्रयोजनका लागि । |
| ६ | स्वास्थ्य तर्फका विभिन्न पद | ३० | अत्यावश्यक तथा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न दरबन्दीको जनशक्तिले नपुगि थप जनशक्ति आवश्यक भएकोले । |

गणेशलाल श्रेष्ठ
अध्यक्ष
सभा अध्यक्ष